मिति : २०८२/०५/२९

# सूचना !

हालैको आन्दोलनको क्रममा राहदानी विभाग तथा जिल्ला स्थित राहदानी शाखामा समेत आक्रमण भई राहदानी बनाउन प्रयोग हुने विद्युतीय उपकरण चोरी, आगजनी तथा तोडफोड भएकोले समग्र राहदानी सेवा प्रभावित भएको छ । विभागले यसरी भएको क्षति तथा हराएका, नासिएका, चोरी भएका राहदानीको विवरण सङ्कलन गर्ने कार्य गरिरहेको छ ।तसर्थ, अर्को सूचना नभएसम्म निम्न बमोजिम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. राहदानी विभागबाट मिति २०८२/०५/३० गतेबाट हाललाई दैनिक ५०० वटा Appointment लिन मिल्ने Slots उपलब्ध गराई राहदानी सेवा पुन:सुचारू गरिनेछ । उक्त Slots हरेक दिन साँझ ६:०० बजेबाट राहदानी विभागको website (emrtds.nepalpassport.gov.np) मा उपलब्ध हुनेछ।
२. तयार भएका राहदानी वितरण गर्ने कार्य सुचारु रहेको व्यहोरा अनुरोध छ।
३. क्षति भएका जिल्ला/ईलाका प्रशासन कार्यालय स्थित राहदानी सेवा संचालनमा प्रयोग भएका उपकरणको विवरण सङ्कलन भईरहेको र विवरण प्राप्त भए पश्चात प्राथमिकताको आधारमा यथाशिघ्र सेवा सुचारु गरिनेछ।
४. जिल्ला/ईलाका प्रशासन कार्यालयबाट हराएका, नासिएका, चोरी भएका राहदानीको विवरण सङ्कलन गरी पुन छपाई गरी सम्बन्धित कार्यालयमा पठाइनेछ।
५. हराएका राहदानी कसैले प्राप्त गर्नु भएको छ भने राहदानी विभाग वा सम्बन्धित जिल्ला/ईलाका प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा यथाशिघ्र बुझाईदिनुहुन अनुरोध छ ।

**राहदानी सेवा पूर्ववत रुपमा संचालनमा आउन केहि समय लाग्ने भएकाले यस विषम परिस्थितिमा धैर्यधारण गर्नुभई सहयोग पुर्याउनुहुन सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौ ।**

राहदानी विभाग